सिस्ने गाउँपालिका
# गाउँ कार्यपालिकाको कार्यालय
रुकुमकोट, रुकुम(पूर्व)
लुम्बिनी प्रदेश, नेपाल

सूचना नं. २५

## फिल्ड सहायक पदको दरखास्त आह्वान सम्बन्धी सूचना !

(प्रथमपटक सूचना प्रकाशित मिति:२०७९/०८/१२ गते)

राष्ट्रिय परिचयपत्र तथा पञ्जीकरण विभागमार्फत सञ्चालन हुने सामाजिक सुरक्षा तथा व्यक्तिगत घटना दर्ता सुदृढीकरण आयोजना कार्यान्वयन गर्नका लागि राष्ट्रिय परिचयपत्र तथा पञ्जीकरण सेवा इकाइ सिस्ने गाउँपालिकामा रिक्त रहेको फिल्ड सहायक पदको सामाजिक सुरक्षा तथा व्यक्तिगत घटना दर्ता प्रणाली सुदृढीकरण आयोजना सञ्चालन निर्देशिकाको परिच्छेद-४, ७ मा भएको व्यवस्था अनुसार करार सेवामा पदपूर्ति गर्नुपर्ने भएकाले तपशिल बमोजिमका योग्यता पुगेका इच्छुक नेपाली नागरिकले सूचना प्रकाशित भएको मिति देखि मिति २०७९/०८/२५ गते कार्यालय समयभित्र माग बमोजिमका विवरण राजश्व तिरेको रसिद सहित यस कार्यालयमा दरखास्त पेस गर्नुहुन सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशन गरिएको छ।

| क्र.सं. | विज्ञापन नं. | पद | तह | संख्या |
|---|---|---|---|---|
| १. | ०४/०७९/८० | फिल्ड सहायक | चौथो | १ |

१. आवश्यक न्यूनतम योग्यता:
- कम्तीमा एसएलसी(SLC/SEE) वा सो सरह उर्त्तिण गरेको,
- सामाजिक परिचालन सम्बन्धी कार्यको अनुभव,
- सञ्चार दक्षता भएको,
- अतरबैयक्तिक संवाद दक्षता भएको,
- समूहमा काम गर्न सक्ने,
- इमेल, इन्टरनेट सम्बन्धी आधारभूत ज्ञान भएको।

२. उमेर: कम्तीमा १८ वर्ष पूरा भई ४० वर्ष ननाघेको।

३. दरखास्त दिने अन्तिम मिति: २०७९/०८/२५ गते कार्यालय समय भित्र।

४. आवेदन दस्तुर: रु.१०००।– (एक हजार रुपैयाँ मात्र।)

५. दरखास्त दिने स्थान: सिस्ने गाउँपालिका गाउँ कार्यपालिकाको कार्यालय, रुकुमकोट, रुकुम (पूर्व)।

६. छनोटको किसिम: प्रारम्भिक योग्यता क्रमसूची प्रकाशन र अन्तवार्ता।

७. आवेदन साथ संलग्न गर्नुपर्ने कागजात उम्मेदवार स्वंयमले प्रमाणित गरेका देहायबमोजिमका कागजातको प्रतिलिपि:
- नागरिकताको प्रतिलिपि,
- न्यूनतम शैक्षिक योग्यताको लब्धाङ्कपत्र,
- चारित्रिक प्रमाणपत्र,
- २ प्रति पासपोर्ट साइजको फोटो,
- कार्य अनुभव: सामाजिक परिचालन सम्बन्धी कार्यअनुभव भएको।

८. सेवा सुविधा: राष्ट्रिय परिचयपत्र तथा पञ्जीकरण विभागले तोके बमोजिम हुनेछ।

९. पदले सम्पादन गर्नुपर्ने काम: गाउँपालिकाले तोकेबमोजिम हुनेछ।

.......................

(विकास विक्रम शाह)
प्रमुख प्रशासकीय अधिकृत